लेखापरीक्षण प्रतिवेदन

सर्केगाड गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सर्केगाड गाउँपालिका, हुम्ला

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/763

श्रीमान् अध्यक्षज्यू,

सर्केगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

हुम्ला ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/763

श्रीमान् अध्यक्षज्यू,

सर्केगाड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

हुम्ला।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.९९ करोड ३९ लाख ९६ हजारको लेखापरीक्षणबाट रू.१ करोड ७१ लाख ७६ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभई असुल गर्नुपर्ने रू.९ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४६ लाख ३१ हजार र नियमित गर्नुपर्ने रू.१ करोड १५ लाख ७१ हजार गरी जम्मा रु.१ करोड ७१ लाख ७६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रू.३४ करोड ७१ लाख ४३ हजार मध्ये रु.२ लाख ८६ हजार फस्र्यौट भई हालसम्मको अद्यावधिक बेरुजु रू.३६ करोड ४० लाख ३२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६७	४८	१,७१,७५,६१२	०	०	०	०	६७	४८	१,७१,७५,६१२	९,७४,०२६	१,१५,७१,०००	४६,३०,५८६	०	०	१,६२,०१,५८६	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
हुम्ला	३४,७१,४२,७६८	०	२,८६,०४०	३४,६८,५६,७२८	०	१,७१,७५,६१२	३६,४०,३२,३४०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१		खर्चको पुष्ट्याई	२,००,०००
२	२०८०/८१		ईन्धन सुविधा	५१,०००
३	२०७७/७८		पारिश्रमिक आय कर	३५,०४०
जम्मा				२,८६,०४०

सर्केगाड गाउँपालिका, हुम्ला

(८०६६४५०६३००)

सर्केगाड गाउँपालिका , हुम्ला

परिचय

१ **परिचय**

(क) परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ८ वडारहेको छ भने क्षेत्रफल ३०६.७ वर्ग किलोमिटर तथा १०६८८ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।३ देखि २०८२।५।६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

तान

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय -व्ययतर्फ रु.९९ करोड ३९ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न

छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा रु.१८ लाख ४७ हजार असुल भई दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	श्रमदान कम कट्टा असुल	१५५७
२	बढि भुक्तानी असुल	३९४१८
३	अग्रिम कर कट्टा नभएको रकम असुल	५९५६
४	प्रशिक्षण भत्ता बढी भुक्तानी असुल	४७४२५
५	सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी	२४०००
६	योजनामा बढी भुक्तानी	१७२८४९६
	जम्मा	१८४६८५२

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको एकिकृत आर्थिक विवरण निम्नअनुसार देखिएको छः

सर्केगाडगाउँपालिका					
आर्थिक वर्ष ०८१/०८२					
आर्थिक कारोबारकोएकीकृत विवरण					
प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात			चालु खर्च		
१. संचित कोष	२९३७२९६४		१. गाउँपालिका तर्फ	९८०४३७४०	
२.धरौटी	४८४५८६३		२. संघीय सशर्त	१५८६७७६१३	
३.कार्यसञ्चालन कोष	५४४११६।९८		३. संघीय विशेष	०	
४. अन्य कोष	४५८१०५		४. प्रदेश सशर्त	२३८४१४०	
यस वर्षको आय			५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	१५३९१६४		पुँजीगत खर्च		
२. वित्तीय हस्तान्तरण (संघ)			१. गाउँपालिका तर्फ	५८७४१९७५	
क) समानीकरण अनुदान	७३९५८५६०		२. संघीय सशर्त	४४६२७९०६	
ख) राजस्व बाँडफाँट	६८५१६६९०		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	२२७६०९०००		४. संघीय समपुरक	०	
घ) समपुरक अनुदान	०		५. प्रदेश सशर्त	३९४६९०११	
ङ) विशेष अनुदान	०		६. प्रदेश विशेष	४९४३२६९	
च) रोयल्टी	०		७. प्रदेश समपुरक	५८८७८२	
छ) अन्य	०		अन्तर सरकारीअख्तियारी (संघ)		
३. वित्तीय हस्तान्तरण (प्रदेश)			क) सामाजिक सुरक्षा	६५६९२९७६	
क) समानीकरण अनुदान	८५४८०००		ख) गरिबसँग विशेश्वरकार्यक्रम	०	
ख) राजस्व बाँडफाँट	९६०५७२		…………..		
ग) सशर्त अनुदान	४४२९००००		अन्तर सरकारीअख्तियारी (प्रदेश)	०	
घ) समपुरक अनुदान	५८८९१६		ऋण फिर्ता(साँवा)	०	
ङ) विशेष अनुदान	४९८१५२३		ऋणको ब्याज भुक्तानी	०	
च) रोयल्टी	०		धरौटी फिर्ता तथा सदरस्याहा	२६५०००	
छ) अन्य	०		कार्यसञ्चालन कोषबाटभएको खर्च	५०४५२५४	
४.अन्तर सरकारीअख्तियारी (संघ)			अन्य कोषबाट भएको खर्च	०	
क) सामाजिक सुरक्षा	६५६९२९७६		गैरसरकारी संस्थाबाटसञ्चालित योजना	०	
ख) गरिबसँग विशेश्वर कार्यक्रम	०		अन्य सहयोगमा सञ्चालितयोजना	०	
…………..			अन्य खर्च भएमा	०	

५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		अनुदान फिर्ता		
६. ऋण**/वित्तीयव्यवस्था**	०		१. संघ तर्फ		
७. धरौटी आय	६४१९९२०		क) सशर्त अनुदान	२४३०३४८०	
८.**कार्यसञ्चालनकोष आय**	५०७३०४३		ख) विशेष अनुदान	०	
९. अन्य कोषको आय	०		ग) समपुरक अनुदान	०	
१०**. गैरसरकारीसंस्थाबाट सञ्चालित योजना**	०		२. प्रदेश तर्फ		
११**. अन्य सहयोगमाप्राप्त सञ्चालित योजना**	०		क) सशर्त अनुदान	२४३६८४९	
१२**. अन्यआय भएमा**	०		ख) विशेष अनुदान	३८२५४	
			ग) समपुरक अनुदान	१३४	
			अन्तिम मौज्दात		
			१. संचित कोषको मौज्दात	२५५६६११९	
			२. धरौटी	११०००७८३	
			३. कार्यसञ्चालनकोष	५७१९०६	
			४. अन्यकोष	४५८१०५	
जम्मा	५४२८५५२९६		जम्मा	५४२८५५२९६	

२.१ पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको सुत्रको वित्तिय प्रतिवेदन म.ले.प फा नं. २७०-१ अनुसुचिमा संलग्न गरीएको छ।

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ।स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीमा संघीय सरकारबाट रु.८,५९,७३,३१२।० र प्रदेश सरकारबाट प्राप्त रु.१८७२००।० समेत रु.८,७८,४५,३१२।० खर्च गरेको छ।

सि.नं.	कार्यक्रमको नाम	बजेट	निकासा/खर्च
संघीय सरकारबाट प्राप्त			
१	सामाजिक सुरक्षा तथा संरक्षण	६६६८५०००	६५६९२९७६
२	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२०११५०००	२०११४३५४
३	रोजगार प्रवर्द्धन कार्यक्रम	२८१७००	१६५९८२
४	स्थानीय तह प्रशासकीय भवन	२५०००००	०
५	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	८०००००	०
६	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१८००००	०
७	घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र	१००००००	०
प्रदेश सरकारबाट प्राप्त			
१	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१८९६०००	१८७२०००
जम्मा		९३४५७७००	८७८४५३१२

आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट खर्च गरेको रु.१८७२०००। ससस्त्र द्धोन्दको समयमा ज्यान गुमाएकार घाइतेलाई दिनको लागि खर्च गरेको पाइयो। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ फरक हिसाबः यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४,५८,१०५।० , यस वर्षको प्राप्ति रु.९,७८,३७,५३१।१३, यस वर्षको भुक्तानी रु.९,७८,३७,५३१।४३ र बैङ्क मौज्दात रु.३,३३,७९,११६।३७ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
एकीकृत आर्थिक विवरणअनुसार	**३५२२१०४८.९८**	**५०८१७८३६४.२**	**५०५८०२५००.३**	**३७५९६९१.८१**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	३४७६२९४३.९८	४१०३४०८३३.०७	४०७९६४९६८.८७	३७१३८८०८.१८
फरक	४५८१०५.०	९७८३७५३१.१३	९७८३७५३१.४३	-३३३७९११६.३७

२.४ फरक जिम्मेवारीः पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३,५३,११,०४८।० मौज्दात रहेकोमा यो वर्ष रु.३,४७,६२,९४३।९८ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५,४८,१०४।०२ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ।

२.५ बैङ्क हिसाब विवरणः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	२४५९६३३५.३७	२५५६६११०.३७	-९६९७७५.
पुँजीगत खर्च खाता (जोर)	६९७८४	०	६९७८४.
प्रकोप व्यवस्थापन खाता	०	४५८१०५	-४५८१०५.
जम्मा			-१३५८०९६.

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.६ सञ्चित कोषमा जम्मा (ट्रान्सफर)- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको पुँजीगत खातामा रु.६९,७८४, मौज्दात रहेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.७ दाखिला गर्न बाँकी कर: आयकर ऐन २०५८ को दफा ९२ बमोजिम कट्टा भएको अग्रिम कर २५ दिनभित्र दाखेला गर्नुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.६९,७८४।० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६९,७८४

३ खर्च बिश्लेषण

स्थानीय आर्थिक ऐन, २०८१ र स्थानीय विनियोजन ऐन, २०८१ बमोजिम आन्तरिक आम्दानी रु.816636. राजश्व बाँडफाड र अनुदान रु.504328291. समेत रु.504328291. अनुमान गरिएको पाइयो । पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१५,१५,१६४.० राजस्व बाँडफाँड र अनुदानबाट रु.४०,२०,४१,४४५.८२ समेत रु.४०,३५,५६,६०९.८२ आम्दानी भएकोमा चालुतर्फ रु.२५,९३,९२,४२३.८७ र पूँजिगततर्फ रु.१४,८५,७२,५४५.० समेत रु.४०,७९,६४,९६८.८७ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ०.३७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५९,७३,२००.० खर्च भएको छ जुन आन्तरिक आयको ३९४.२२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.२७ प्रतिशत चालु र ३६.८१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.५० करोड ५१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१२ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

५ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन।

६ क्षेत्रगत बजेट र खर्चको स्थिति

विनियोजन ऐन, २०८१ बमोजिम क्षेत्रगत बिनियोजन गरी सन्तुलित रुपले खर्च गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२१११८०००	१७६८२०४१	४.३३
२	पूर्वाधार विकास	१६५३०००००	११९८२६४५५	२९.३७
३	सामाजिक विकास	१९५६५१०००	१६४२५२६०२.७२	४०.२६
४	बातावरण तथा विकास	६७१०००	५४०८५०	०.१३
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	४१९९०००	२७८२९५०	०.६८
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	११८२०५९२७	१०२८८००७०.१५	२५.२२
जम्मा		**५०५१४४९२७**	**४०७९६४९६९**	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४०.२६ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.१३ प्रतिशत रहेको छ।

७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

Ø स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रको संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन। पालिकाले योजनागत खाता राखेको पाईएन। विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

Ø कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

Ø अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यिनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपने व्यबस्थाको पालना गरेको पाइएन।

Ø संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

Ø सञ्चालित योजनाको सूचना पाटीमा आय व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांश पालना भएको पाईएन।

Ø प्रचलित कानुन अनुसार लेखा समित गठन गरेता पनि लेखापरीक्षण प्रतिवेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन।

Ø सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन।

Ø सुचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख पाइएन।

Ø वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा गर्नपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

Ø पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।

Ø विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित मितिमा पेस गरेको पाइएन।

Ø सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

Ø स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

Ø स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ।

Ø राजस्व संकलन सम्बन्धमा सुत्र प्रणालीको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन सुत्र प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी कार्यान्वियनमा आएको पाइएन।

Ø स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन।

Ø स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।

Ø दिगो विकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

Ø सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

Ø सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९(क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

Ø सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

Ø सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख

भएकोमा सो को पालना भएको पाइएन।

Ø यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

८ लक्ष्य प्रगति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा प्रमुख प्रशासकीय अधिकृतले प्रतिवेदन तयार गरी कार्यपालिको वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले पालिकास्तर र वडा स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	१७३	११	४	७	१५

९ सेवा प्रवाहको स्थिती

यस आर्थिक वर्षमा पञ्जिकरण शाखा तथा अन्य शाखाबाट उपलब्ध गराएको विवरण अनुसार पन्जिकर सेवा उपलब्ध गराएको विवरण प्राप्तभएको छ ।

सि.नं.	विवरण	जम्मा
	पञ्जिकरणतर्फ	
२	जन्मदर्ता	६८०
३	मृत्युदर्ता	५१
४	बसाईसराईदर्ता	१०
५	विवाहदर्ता	९२
६	सम्बन्धविच्छेददर्ता	३
७	नागरिकता सिफारिस	६८०
८	घरबाटो सिफारिस	९९
९	नाता प्रमाणित	४५३

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य घ वर्गको इजाजत, नक्सापास लगायतका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

१० सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

११ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा

कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१२ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१३ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४,८५,७२,५४५।० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१५ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५५ वटा ऐन, ६३ कार्यविधि लगायत ११८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

१७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष १६ उजुरी दर्ता भएकोमा १३ वटा मात्र फस्यौंट भई ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१९ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२० त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१४८५७३	०	०	२९५३४	११९०३९	९६८९३
प्रतिशत		०	०	१९.८७	८०.१३	६५.१२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१४ करोड ८५ लाख ७३ हजार निकासा भएकोमा प्रथम र दोस्रो त्रैमासिकमा शुन्य, तेस्रो त्रैमासिकमा रु.२ करोड ९५ लाख ३४ हजार (१९.८७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११ करोड ९० लाख ३९ हजार खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ६८ लाख ९३ हजार (६५.१२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२१ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल १७३ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१२८	३१	६९	२८
२.	वडास्तरीय	४५	०	१	४४

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १६२ योजनामात्र कार्यान्वयन भई ११ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२२ **गत वर्षको भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले एकवर्षभित्र सम्पन्न गर्न सक्ने योजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ। विनियोजन ऐन २०८१ मा गतवर्षको भुक्तानी बाँकी योजना समावेश नगरी रु ८६४६००० । भुक्तनी दिएको छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.८६,४६,०००।० भुक्तानी दिएको छ। बजेट तथा कार्यक्रममा योजना अनुसार भुक्तानी दिनबँकीको विवरण प्रविष्टी गरी भुक्तानी दिएको पाइएन। यसरी प्रत्येक वर्ष आगामी बर्षलाई दायित् सृजना गराउँदा चालु आर्थिक वर्षका योजनाहरु संचालन गर्न नसकिने हुँदा भुक्तानी दिन बाँकिको बजेट तथा कार्यक्रममा समावेश नगरी गरेको खर्च नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	८६,४६,०००

२३ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। विनियोजन ऐन,२०८१ मा स्थानीय तहले वार्षिक नीति तथा कार्यक्रममा र विनियोजन बमोजिम खर्च गर्नुपर्छ। यस पालिकाले यो वर्ष चालु खर्चमा रु.५२,५९,९६३।० र पूँजिगतमा रु.४५,००,०००।० गरी रु.९७,५९,९६३।० अबण्डा बजेट व्यवस्था गरी चालु खर्चको २३ कार्यक्रम मा रु.३८,४७,१९८।० र पूजिगत खर्चको ३ योजनामा ५,६०,३००।० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र सं	योजनाको नाम	बजेट / खर्च
१	खडिखेत दलित वस्ती खानेपानी मर्मत	९९०००
२	सडक बोर्ड साझेदारी झापुकुना भदाली सडक	३०६३००
३	इन्टरनेट विल भुक्तानी	३२४३५०
४	शिक्षा अधिकृत तलब भत्ता	४६८९८
	जम्मा	७७६५४८

२४ **तलवी प्रतिवेदन**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा ४३(२) मा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तथा पालिकाका कर्मचारी ४८ जनालाई तलब रु.१,९०,९४,४५७।० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च

लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा ७(१ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत बाहेक २२ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर सहित १५ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ।

२६ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक वडा सहायक, कृषि, भेटनरी र स्वास्थ्य कर्मचारी लगायतका पदका कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.३८,४८,४००।० भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

२७ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी पेश गरेतापनि सो निरिक्षण प्रतिवेदनमा सामान चालु अवस्थामा रहेको, मर्मत गर्नु पर्ने, लिलाम गर्नु पर्ने र मिनाहा गर्नु पर्ने उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको पाइएन। अतः नियमावलीको पालना गरिनु पर्दछ।

२८ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्नेमा पालिका र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छन्।

सम्पत्ति	**प्राप्त मिति**	**संख्या**	**खरिद/प्राप्ति मूल्य**	**कैफियत**
घर जग्गा क्षेत्रफल र संख्या सहित	२०७५ २०८२	१ १	३५००००० ६५०००००	१५०४ व मि २६०० व मि
सवारी साधन (रु.१ लाखभन्दा बढी)	२०८१	११	१०७९०००	जिप, मोटर साइकल
उपकरण (रु.१ लाखभन्दा बढी)	२०८१	३ थान	१६००००	ल्यापटप
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	२०७५	१	६६५०००	जेनेटर

२९ **आर्थिक सहायता**

विनियोजन ऐन २०८१ बमोजिम स्पष्ट मापदण्ड र कार्यविधि तयार गरी आर्थिक सहायता वितरण गर्नेपर्ने र सोको जानकारी स्थानीय तहको वेभसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी पालिका भित्रका ११ घर

धुरीलाई रु.९,३२,५००।० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१५,१५,१६४। को ६१.५४ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

३० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१,४८,०००।0 कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैनन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। राजस्व शाखाबाट उपलब्ध गराएको विवरण अनुसार हाल सम्म १०८ व्यवसाय दर्ता भएकोमा यसवर्ष व्यवसाय दर्ता तथा नविकरण बाट रु.१,४८,०००।० प्राप्त भएको देखिएता पनि सुत्रको २७० अनुसुची ४ मा प्रविष्ट रु.६४,५००।0 मात्र देखिएबाट सुत्रमा यथार्थ व्यवसाय कर प्रविष्ट गरेको यकिन गर्न सकिएन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

३१ **आर्थिक ऐनको कार्यान्वयन**

पालिकाको आर्थिक ऐन २०८१ को अनुसूचि ८ को बुदा नं.१७ मा योजनाको सम्झौता/सिफारिस विनियोजित बजेटको ०.१ प्रतिशत र योजना सम्पन्न सिफारिस विनियोजित बजेटको ०.१ प्रतिशत गरी ०.२ रतिशत राजश्व उठाउने व्यवस्था छ। पालिकाले गरेको निर्णय अनुसार वडाहरुमा संचालित योजना अनुसार उठ्नु पर्ने राजश्व र उठेको राजश्व विच अन्तर पाइएकाले पालिकाले तोकेको रु.१,६८,०५०।० असुल हुनु पर्ने रु.

क्र सं	वडा नं	संचालित योजना संख्या	उठ्नु पर्ने राजश्व रकम	उठेको राजश्व रकम	फरक रकम
१	१	१३	४९५००	१२२००	३७३००
२	२	११	२४९००	०	२४९००
३	३	७	२८५००	०	२८५००
४	४	१४	३८८००	८३००	३०५००
५	५	१७	३३६४०	१४२५०	१९३९०
६	६	११	६६०६०	३८०००	२८०६०
७	७	१४	३९४००	४००००	०
८	८	५	१४६००	०	१४६००
		जम्मा	२८०८००	११२७५०	१६८०५०

असुल गर्नुपर्ने	१,६८,०५०

३२ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन। वडा तथा पालिकामा कुन कुन कर्मचारीलाई कति कति नम्वरको रसिद हस्तान्तरण गरेको रसिद नियन्त्रण खाता समेत नराखेको साथै लेखापरीक्षणको क्रममा सो रसिदहरु उपलब्ध नगराएकोले उठ्नु पर्ने दरमा राजश्व उठे नउठेको साथै उठेको राजश्व दाखिला भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।। अतः पालिकाले यस सम्वन्धमा यकिन गरी उठ्नबाँकी राजश्व उठाउनु गर्नु पर्दछ।

३३ **राजश्वको ठेलि नवुझएको**

यस कार्यालयवाट वडा नंम्वर ६ का साहायक वडा सचिव श्रि जगदिश वुढाथोकिले पालिकावाट नगदि र मालपोत रसिद लिई आर्थिक वर्ष २०८१/८२ मा राजश्व संकलन गरेको र लेखापरीक्षणको समयवधिसम्म पनि कार्यालयमा ठेलिहरु पेश नगरेको र उक्त वडावाट संकलन भइको राजश्न पनि वैङकमा दाखिला नगरेकोले कार्यालयले समन्धित व्यक्तिलाई छानविन गरी असुल गराई दाखिला गर्नलगाउनु पर्दछ।

३४ **राजस्व दाखिला हुन बाँकी**

पालिकाको आर्थिक ऐन २०८१ को अनुसूचि ८ को बुदा नं.१७ मा योजनाको सम्झौता/सिफारिस विनियोजित बजेटको ०.१ प्रतिशत र योजना सम्पन्न सिफारिस विनियोजित बजेटको ०.१ प्रतिशत राजश्व उठाउने व्यवस्था छ। वडा नं ६ मा संचालित निम्न योजनाहरुको फाइलहरुमा संलग्न राजश्व भौचरहरु जोड जम्मा गर्दा रु.३८,०००।० भएता पनि वडा कार्यालयबाट पालिकामा राजश्व संकलन गरेको नपाइएकाले सो राजश्व रकम व्याज समेत पालिका खातामा दाखिला गर्नु पर्ने रु.

क्र सं	योजनाको नाम	वडा नं	राजश्व रसिद	राजश्व मिति	राजश्व रकम
१	आरन भवन निर्माण	६	४१५	०८२।३।२४	५०००
२	स्वास्थ्य भवन मर्मत	६	४१९	२०८२।३।१७	५०००
३	गुरा पतुराज माडु निर्माण	६	४१८	२०८२।३।१९	२०००
४	लेखबरी भवानी गुम्बा निर्माण	६	४२३	२०८२।३।१९	८०००
५	औल बराइ प्रसुती भवन निर्माण	६	४२४	२०८२।३।१९	८०००
६	माइचौर खानेपानी योजना	६	४२५	२०८२।३।२२	१००००
	जम्मा				३८०००

असुल गर्नुपर्ने	३८,०००

३५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१५,००,०००।० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८१।८२ मा रु.१५,१५,,१६४।0 अर्थात अनुमान भन्दा १०१ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

३६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२०००००	७७७४९	**३८.८७**
घरजग्गा वहाल कर	६३३६४	१६९०४५	**२६६.७८**
व्यवसाय कर	१४६६३६	३७५००	**२५.५७**
प्रशासनिक सेवा शुल्क	१७००००	३८०२५९	**२२३.६८**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको

दायारामा ल्याउनु पर्दछ।

३७ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१७९१७३२८७	१५१५१६४	०.८५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३८ राजश्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न सेवा शुल्क वमोजिम आर्थिक वर्ष २०८१/८२ वर्षभरिनै राजश्व संकलन गरि आर्थिक बर्षको अन्तमा एकैपटक दाखिला गरेको पाईयो यस्तो कार्यलाई कार्यालयले आगामी दिनमा सुधार गर्नुपर्दछ। वडाहरुले राजश्व तपशिल समयमा दाखिला गरेका छ।

क्र. स.	वडा नं	कर्मचारीको नाम	दाखिला गरेको मिती	राजश्व दाखिला रकम
१	१	पाण्डव वुढा	२०८२/०३/२०	३३५००
२	२	देव कृष्ण साहा	२०८२/१/२८	२५७५०
३	३	देव कृष्ण साहा	२०८२/०२/२६	११९२४
४	४	चेतना सुनुवार	२०८२/०३/२४	५७५५०
५	५	हिमाल शाहि	२०८१/१२/१३	२४८२२
६	६	जगदिश वुढाथाकी		०
७	७	मन प्रसाद जैसी	२०८२/०३/२४	४००००
८	८	मन प्रसाद जैसी	२०८२/०५/०३	३५०००
		जम्मा		२२८५६४

३९ सवारी भाडा/इन्धन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नगपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम सवारी साधन भाडा तथा इन्धन वापत रु.१९,१८,५००।० भुक्तानी गर्दा संझौता तथा लगबुक पेश गरेको छैन । लगबुक राखी खर्चलाई मितव्ययी बनाउनु पर्दछ।

गो.भौ नं/मिति	खर्चको विवरण	रकम	कैफियत
६३-२०८१।१२।२१	सवारी भाडा	१७८०००	सम्झौता, लगबुक नभएको
३०७-२०८२।०२।०७	सवारी भाडा	४००००	सम्झौता, लगबुक नभएको
१४५-२०८२।०२।०७	इन्धन वापतको खर्च भुक्तानी	९८५००	लगबुक नभएको
	जम्मा	११९१८५००	

४० **ढुवानी खर्च भुक्तानी** (281-2082-03-14):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा पालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था अनुसार पालिकाले ज्याला भाडाको दर रेट निर्धारण गरेको छ । पालिकाले श्री कोट माध्यमिक विद्यालयको सामाग्री सिमाली आवसीय विद्यालयमा स्थानान्तरण क्रममा एकमुष्ट रु.२,००,०००।० खर्च गरेको छ । तर विद्यालयले सामाग्री ढुवानीको लागि परिमाण तथा संख्या उल्लखे नगरी भुक्तानी दिएको कानुनसम्मत देखिएन । ढुवानीको परिमाण, तौल र संख्या तथा साधन समेत खुलाएको मूल्यांकन कागजात पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

४१ **डोर हाजिरी प्रमाणित**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुत्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा रीत पुगे नगपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले गोठी खोला देखि गाँउपालिकासम्म पाइपलाइन विस्तार तथा मर्मत गरी रु.९९००० दीर्घ रावतलाई भुक्तानी दिँदा डोर हजिर प्रमाणित नगरेको नियम सम्वत देखिएन।

४२ **खर्चमा मितव्ययिता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(४) मितव्ययिता कायम गर्नेगरी खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयबाट देहायको खर्च शिर्षकमा रु.१ करोड १७ लाख ६२ हजार बजेट व्यवस्था भएकोमा देहाय रु.१ करोड १२ लाख ५९ हजार खर्च लेखेको छ ।

सि.न	खर्च शिर्षक	बजेट	जम्मा खर्च	कैफियत
१	इन्धन	१५६२०००	१५६२०००	
२	मर्मत	२०००००	१९७८१०	
३	विविध	६००००००	५८३६४७८	
४	कार्यालय समान	४००००००	३६६२४२५	
	जम्मा	११७६२०००	११२५८७१३	

यस किसिमका खर्चमा नियन्त्रण गरी स्रोत साधनको उपयोगमा पालिकाको ध्यान जानु पर्दछ ।

४३ **अग्रीम कर कट्टी** (322-2082-03-24):

आय कर ऐन, २०५८ को दफा ८९ मा ठेक्का वा करार वापत ५० हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले इन्टरनेट जडान बापतको रकम गोश्वारा भौचर नं.३२२-२०८२।३।२४ बाट एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि.लाई रु.५,८३,०८०।० भुक्तानी दिँदा रु.७७,४४५।० अग्रीम कर कट्टा गरी राजस्व खातामा दाखिला गरेको छ। पालिकाले उक्त प्रा.लि. को बढी अग्रिक कर कट्टी गरेको उल्लेख गरी भौचर नं.४२५-२०८२। ३।२५ रु.७०,३५०।० उक्त प्रा.लि.लाई पुनः भुक्तानी दिएको देखियो । पालिकाले उक्त इन्टरनेट सेवा प्रदायकलाई बढी भुक्तानी नभएको सुनिश्चित गरी रु.७,७४०।० मात्र अग्रिम कर कट्टीको विद्युतीय दाखिला (ETDS) भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	७०,३५०

४४ **दाखिला नभएको** (२६-2082-03-25):

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।७।२० को निर्णयबाट आर्थिक बर्ष २०७७।७८ बाट अनिवार्य रुपमा नेपाल सरकारको तीनै तहका सबै सरकारी कार्यालयहरुले प्रयोग गर्नसक्ने गरी सरकारी सम्पतिको लेखाङ्कन र प्रतिवेदन तयार गर्न सम्पत्ति तथा दायित्व व्यवस्थापन प्रणाली (PAMS) लागू हुने निर्णय गरेको छ। पालिकाले निम्नानुसार मालसामान खरिद गरेकोमा पाम्समा जिन्सी आम्दानी बांधेको छैन। अत: सो मालसामान पाम्समा जिन्सी आम्दानी गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ नं/मिति	**खर्चको विवरण**	**भुक्तानी पाउने**	**रकम**	**कैफियत**
५२-२०८१।१२।१०	फर्निचर खरिद	राजु फर्निचर उद्योग	२१८०९०	खर्च नहुनेमा दाखिला हुनु पर्नेमा खर्च भएर जानेमा दाखिला भएको
४१४-२०८२।०३।२५	स्वास्थ्य तथा भेटेरीनरी औषधी खरिद		१०००००	दाखिला नभएको ।
३४४-	वडा नं ५ कार्यालय सामग्री खरिद	ज्ञान बुक्स एण्ड स्टेशनरी	१०००००	PAMS दाखिला नभएको
३६६-	फर्निचर खरिद	न्यू प्रभा फर्निचर उद्योग	१४४०००	PAMS दाखिला नभएको
२६-०८२।३।२५	प्लास्टिक कुर्सी		१८२००	PAMS दाखिला नभएको
	जम्मा		५८०२९०	

प्रमाण पेश नगरेको	५,८०,२९०

४५ **प्रयोजन नखुलेको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले गतवर्षको भुक्तानी दिन बाँकी दायित्वबाट देहायअनुसार खर्च शिर्षकमाहरुमा पुष्ट्याई बेगर रु.१९,२६,०००।0 खर्च लेखेको छ। यसरी कानुनमा उल्लेख भएको विपरित खर्चको पुष्टाईं वेगर भुक्तानी दिएकोले पुष्टाई तथा प्रमाण सहित नियमित हुनुपर्ने रु.

गो.भौ नं/मिति	खर्चको विवरण	भुक्तानी पाउने	रकम	कैफियत
४३-२०८१।११।२	विभिन्न विविध खर्च वापतको रकम भुक्तानी	कर्णाली फुडल्याण्ड	५००००	प्रयोजन नखुलेको
१२४-२०८२।०१।२२	फर्निचर वापतको रकम भुक्तानी	जे सि जी स्टील फर्निचर उद्योग	११४०००	PAMS दाखिला नभएको/ पूरानो मौज्दातमा दाखिला भएको
	विभिन्न विविध खर्च वापतको रकम भुक्तानी	डि बि एस जनरल अर्डर एण्ड सप्लायर्स	५००००	प्रयोजन नखुलेको
२०५-२०८२।०२।२९	विभिन्न विविध खर्च तथा मसलन्द वापतको रकम भुक्तानी	इश्वरी होटल	२९५५०	प्रयोजन नखुलेको
	विभिन्न विविध खर्च तथा मसलन्द वापतको रकम भुक्तानी	हुम्ली शाही होटल	४९२५०	प्रयोजन नखुलेको
	विभिन्न विविध खर्च तथा मसलन्द वापतको रकम भुक्तानी	कर्णाली मल्टी स्टोर	८८६५०	प्रयोजन नखुलेको
	विभिन्न विविध खर्च तथा मसलन्द वापतको रकम भुक्तानी	विनिता एण्ड विता सप्लायर्स	२९५५०	प्रयोजन नखुलेको
२०६-२०८२।०२।२९	विभिन्न विविध खर्च तथा मसलन्द वापतको रकम भुक्तानी	विभिन्न होटल तथा फर्महरु	३१५०००	प्रयोजन नखुलेको
३७४-२०८२।०३।२२	विभिन्न विविध खर्च तथा मसलन्द वापतको रकम भुक्तानी	विभिन्न होटल तथा फर्महरु	३०००००	प्रयोजन नखुलेको
जम्मा			१९२६०००	

अनियमित भएको	१९,२६,०००

४६ डकुमेन्ट्री निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण कार्यको हकमा बाहेक सार्वजनिक निकायले रु. १ लाख भन्दा बढीको खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। सर्केगाड गाउँपालिकाको पर्यटन तथा जनजिवनको फोटोग्राफी तथा भिडियो निर्माण गरी पालिकाले रु.१ लाख खर्च गरेको छ। उक्त भिडियो निर्माणको लागत अनुमान स्वीकृत नर्म्स अनुसार तयार गरेको तथा जिन्सी दाखिला गरेको छैन। कानून बमोजिम नर्म्स तयार गरी दाखिला प्रमाण पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	१,००,०००

४७ कर्मचारी प्रोत्साहन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यविधि, २०७७, संघीय कानुन अनुकूल हुने गरी कार्यविधि वनाएर खर्च लेख्नुपर्ने व्यवस्था छ। स्थानीय तहका कर्मचारीलाई रु.२ लाख ३० हजार कर्मचारी प्रोत्साहन भत्ता खर्च लेखेको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

४८ पोशाक खर्च (२७९-2082-03-13):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ मा पोशाक भत्ता सम्बन्धी व्यवस्था छैन । पालिकाले वडा नं ६ का देहायका पदाधिकारीहरुलाई पोशाक खरिद गरी रु.९६,०००। भुक्तानी गरेको छ । कानुनले व्यवस्था नगरेको भुक्तानी असुल उपर गर्नु पर्ने रु.

सि.नं	पद	पदाधिकारी तथा कर्मचारीको नाम	भुक्तानी रकम
१	वडा अध्यक्ष	पदम बहादुर शाही	१६०००
२	सदस्य	बाँचु सार्की	१६०००
३	सदस्य	बरुने ऐडी	१६०००
४	सदस्य	रणविर शाही	१६०००
५	सदस्य	आइती ऐडी	१६०००
६	प्रशासन सहायक	जगदिश बुढाथोकी	१६०००
जम्मा			**९६०००**

असुल गर्नुपर्ने	९६,०००

४९ न्यानो झोला कार्यक्रम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा तोकिएको स्फेसिफिकेसन अनुसार खरिद गरी गुणस्तर परिक्षण गर्नु पर्ने व्यवस्था छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ९ वटा बर्थिङ सेन्टरमा गत वर्षको ६० थान यस वर्ष खरिद १५० थान गरी २१० थान भएकोमा ८० को प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका १७० थान रु.१७००००।न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

५० पाठयपुस्तक खरिद

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.४.६.२ को वुँदा १ वमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थिको तथ्यांकलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ सत्यापन विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कागतजात विषयगत पाठयपुस्तकको संङख्या एकिन र वुदाँ (५) मा विद्यालयमा पाठ्यपुस्तकको सङख्याको ७५ प्रतिशत सङ्ख्यालाईमात्र अनुदान दिने एंव शैक्षिक सत्रमा भएको नयाँ भर्नाको विवरण पाठयपुस्तक खरिद वितरणका आधारमा एकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले ३२ विद्यालयलाई रु.२०,५३,५७९।० भुक्तानी भएको छ। पाठ्यपुस्तक निकासा गर्दा EMIES र सोमा रजिष्टर्ड भइको प्रत्येक कक्षागत विद्यार्थीको कोड नम्वर सहितको विद्यार्थीको नामनामेसी विवरण सहित सत्यापन गराएको छैन। विद्यार्थीको विवरण सत्यापन गराएर मात्र पाठ्य पुस्तक वितरण गरिनु पर्दछ।

५१ समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन

सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.८६ लाख ५ हजार ९७६ तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन । विकास निर्माणको लागि प्राप्त अनुदान रकम सोही बमोजिम विनियोजन गरी खर्च गरिनुपर्दछ ।

५२ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.११.१ मा शैक्षिक सुचना व्यवस्थापनन प्रणाली (IEMIS) मा प्रविष्टी भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.२५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको प्रमाणित सङ्ख्यात्मक विवरणको आधारमा स्थानीय तहले सङ्ख्या एकिन गरेपछि मात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विद्यालयहरुलाई रु.९७७१३७५। दिवा खाजामानिकासा गरेको छ। कार्यविधिमा उल्लेख भए बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापनबाट हाजिरी प्रमाणित गरी पेश नभएको साथै स्थानीयतहबाट अनुगमन र निरीक्षण भएको छैन। कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम पालिकाले अनुगमन गरी प्रमाणित हाजिरी अभिलेखका आधारमा मात्र निकासा दिने तर्फ ध्यान दिनुपर्दछ।

५३ **छात्रवृत्ति अनुदान**

कार्यक्रम कार्यान्वियन निर्देशका २०८१/८२ अनुसार EMIS मा प्रविष्ट भएको विद्यार्थी सङख्यालाई सत्यापन गरेर मात्र कक्षा १-५ का छात्रालाई वार्षिक रु.१०००, कक्षा ६-८ का विद्यार्थीलाई वार्षिक रु१५०० कार दरले र दलित विद्यार्थीलाई रु.४०० कार दरले छात्रवृत्ति निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIES मा प्रविष्ट भएको तथ्याङ्कको आधारमा ३२ विद्यालयलाई छात्रवृत्ति विवरणको लागि रु.८७९८००। निकासा गरेको छ।निर्देशिकाले तोके बमोजिम EMIS मा प्रविष्टि भएको संङख्यालाई सत्यापन नगरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिएन। पालिकाले यसमा सुधार गर्नुपर्दछ ।

५४ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सार्वजनिक निकायले खर्च लेख्दा प्रमाण तथा कागजात रीतपूर्वक भए नभएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । । पालिकाबाट पाठ्यपुस्तक वितरण भएकामध्ये निम्न विद्यालयले पाठ्यपुस्तक खरिद गरेको विल भरपाई भन्दा भुक्तानी बढी भएकाले उक्त रकम असुल गर्नु पर्ने रु. २९२७६

गो.भौ.नं/ मिति	विद्यालयको नाम	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	वढि भएको रकम	कैफियत
४१-०८१।१२।७, १२८-०८२।२।२७	हिमज्योती माद्ययामिक विद्यालय	२८२४०१	२७०६१३	११७८०	विल भर्पाइ भन्दा बढी भुक्तानी
	कोट माद्यायामिक विद्यालय	२५२२९५	२३४७९९	१७४९६	विल भर्पाइ भन्दा बढी भुक्तानी
	जम्मा			२९२७६	

असुल गर्नुपर्ने	२९,२७६

५५ **सुस्वा कार्यक्रम**

पालिकाले फिण्डल्याण्ड सरकार, नेपाल सरकार र पालिकाको संयुक्त साझेदारीमा सबैका लागि दिगो सरसफाई (SUSWA) कार्यक्रम संचालन गरी रु.१ करोड ३२ लाख ३० हजार ४०५ खर्च गरेको छ । जसमध्ये कार्यक्रमको तर्फबाट रु.८३ लाख २८ हजार ७५१, नेपाल सरकारको रु.७ लाख ८१ हजार ७७० र पालिको रु.४१ लाख १९ हजार ८८४ खर्च भएको छ ।

५६ **कृषी पशु अनुदान**

सार्केगाड गाउँपालिका विनियोजन ऐन, २०८१ अनुसार बाँडफाँड रकमबाट मापदण्ड बमोजिम कार्यक्रम संचालन गरी पारदर्शीरुपले सार्वजनिक गर्नुपर्दछ। कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका

साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण ओषधि खरिद लगायतका शिर्षकमा यस पालिकावाट रु.२१,५८,८२५।0 खर्च भएको व्यहोरा पालिकाले उपलब्ध गराएको छ। देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ। अनुदानका उदाहरणहरु देहायबमोजिम छन्:

क्रम	अनुदानको किसिम	व्यक्ती संख्या	रकम रु हजारमा
१	प्रोवायोटिकको लागी घाँसको विउ विरुवा वितरण	१६२	१५००००
२	कृषी पशु पंछी मत्स्य तथ्याङ्क संकलन	४५०	६००००
३	रैथानेबाली प्रवर्द्धन कार्यक्रम	३००	६०००००
४	कृषि प्रशार खाद्यसुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम	१३५	२०००००

५७ **आमा सुरक्षा कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ३९(१०) मा सार्वजनिक निकायले खर्च लेख्दा प्रमाण तथा कागजात रीतपूर्वक भए नभएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले आमा सुरक्षा कार्यक्रम अन्तर्गत सेवाग्राही महिलाले स्वास्थ्य संस्थामा प्रसुति सेवा गराएपश्चात स्वास्थ्य संस्थाले पाउंने रु.२५०० का दरले कार्यालयको व्यवस्थापन अन्तर्गतका सामाग्रीहरु तथा प्रसूति सेवामा आवश्यक आकस्मिक सामाग्रीहरु रु.३,१५,०००।० खरिद गरेको विल,भरपाई ,माइन्युटिङ जस्ता प्रमाण पेश गरेको छैन। विल भरपाई तथा प्रमाण पेश हुनु पर्ने रु.

क्र.स.	स्वास्थ्य चौकिको नाम	संख्या	रकम
१	हेल्थ पोष्ट गोठी	१२	३००००
२	वराही हेल्थ चौकि	१९	४७५००
३	जैर स्वास्थ्य चौकि	१६	४००००
४	रिप स्वास्थ्य केन्द्र	३	७५००
५	साया हेल्थ पोष्ट	१६	४००००
६	रेडिकोट हेल्थ पोष्ट	१९	४७५००
७	उनापानी स्वास्थ्य चौकी	६	१५०००
८	आधारभुत स्वास्थ्य चौकी	३३	५२५००
९	सामुदायिक स्वास्थ्य केन्द्र राहादेव	१४	३५०००
जम्मा			३१५०००

प्रमाण पेश नगरेको	३,१५,०००

५८ **बढी भुक्तानी** (१७२ -2082-03-06):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ३९(१०) मा सार्वजनिक निकायले खर्च लेख्दा प्रमाण तथा कागजात रीतपूर्वक भए नभएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । स्वास्थ्य कर्मचारी वासना थापाले मातृ तथा नवशिशु कार्यक्रम सञ्चालन गरी रु.२२१५००।० खर्च गरको छ। उक्त खर्चको विल भरपाई जोड जम्मा गर्दा रु.२१३३४०।० भएको मात्र भएकोले विल भरपाई बेगर रु. ८१६०।० बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.८१६०

असुल गर्नुपर्ने	८,१६०

५९ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६८३ जना रहेका छन। पालिकाले ससर्त बजेटबाट ३९७३ थान स्यानिटरी प्याड रु.३३८२०८। (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।सोही कार्यविधिको अनुसुची १ मा खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ । सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसुची १ को बुदा नं.३ मा सेनेटरी प्याडको साइज लम्वाइ, चौडाइ, तथा मोटाइको व्यवस्था गरेको छ। सप्लायर्स बाट सोझै ३ वटा कोटेशन मार्फत खरिद गर्दा मुल्यमात्र उल्लेख गरेको पाइयो। लागत अनुमान तयार नगर्ने, कोटेशनबाट सोझै खरिद गर्दा स्पेसिफिकेशन उल्लेख गर्ने गरेको पाइएन। यसरी खरिद गरिदा कार्यविधिले तोकेको गुणस्तरको सामान खरिद भयो भन्न सकिएन। अतः सेनेटरि प्याड खरिद पुर्व कार्यविधिको व्यवस्थापनको पूर्ण पालना गर्नु पर्दछ।

६० औषधि खरिद

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले ससर्त चालु र गाउँपालिका चालु बजेटबाट विभिन्न फर्महरुसँग रु.२६६४६५१।० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद पुर्व औषधिको माग, खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

६१ वढी भुक्तानी (१७०-2081-03-05):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ३९(१०) मा सार्वजनिक निकायले खर्च लेख्दा प्रमाण तथा कागजात रीतपूर्वक भए नभएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । भौ १७०-०८२।३।५ बाट पालिकाले हुम्ला वहिरा संघ दुल्ली विद्यालयलाई रु.६,५०,०००।० भुक्तानी दिएको वहिरा संघ दुल्लुले अग्रिम कर रु.९७५०।दाखिला नभएकोले बहिरा संघ दुल्लीबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,७५०

६२ जडान प्रमाणित नभएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को (ख) मा सार्वजनिक निकायले भुक्तानी दिँदा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायक बमोजिमको लघु जलविद्युत आयोजना मर्मतको लागि सामाग्री खरिद गरेको आधारमा भुक्तानी दिएको छ । उक्त खरिद गरिएको मर्मत सामाग्री जडान भएको प्रमाण पेस हुनु पर्ने रु.

गो.भौ.नं.	विवरण	रकम
३४-२०८२।१।२४	पंखा कोसाने जलविद्युत आयोजना वडा नं. ८	४९९०००
३७-२०८२।२।४	तलछडी लघु जलविद्युत आयोजना	२९५०००
	जम्मा	७९४०००

प्रमाण पेश नगरेको	७,९४,०००

६३ **लागत अनुमान** (२४-2082-01-08):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले १ लाख रुपैयाँ भन्दा माथिको खरिद कार्यमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ल्यापट, प्रिन्टर तथा अन्य विद्युतीय सामाग्री खरिद गरी रु.९,९५,०००।० एभरेष्ट कम्प्यूटर सप्लायर्सलाई भुक्तानी दिदाँ काननुले तोके बमोजिम लागतअनुमान तथा मालसामानको स्पेशिफिकेशन तयार गरेको छैन । लागत अनुमान तथा सामाग्री खरिदको स्पेशिफिकेशन तयार गरेर मात्र खरिद गर्नुपर्दछ ।

६४ **परामर्श कार्य**

६४.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाकोमात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारका परामर्श सेवा खरिद गरी रु.३५ लाख ७६ हजार खर्च लेखेको छ।उपलव्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरीद गर्नुपर्नेमा लगत अनुमानकै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका योजनाहरु कार्यान्वियन गर्नुपर्दछ ।

सि.नं.	विवरण	परामर्शदाता	लागत अनुमान	भुक्तानी रकम
१	विपद् प्रतिकार्य योजना निर्माण	एक्स्पोजर इन्जिनियरिङ सर्भिस प्रा.लि., काठमाण्डौ	७९९९११	६९४८८०
२	परियोजना बैंक निर्माण	नेपाल विकास अनुसन्धान परिषद्	७१०५२९	६९५२८९
३	भू-उपयोग तथा जग्गा वर्गीकरण योजना	एस.आर.जे. इन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.ली.	१५०६७३३	१४९१०००
४	पर्यटन विकास गुरुयोजना	मास्टर मिडिया एण्ड सप्लायर्स प्रा.लि.	७९९८९३	६९५०५१
जम्मा			**३८१७०६६**	**३५७६२२०**

६४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नेपाल सरकारको जुनसुकै मन्त्रालयले नर्म्स तयार गरेको भए उक्त नर्म्स अनुसार, सम्बन्धित क्षेत्रगत शर्त, सम्बन्धित निकायले चालु वा अघिल्लो वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष परापर्श सेवा खरिद गर्दा सम्बन्धित विभागीय नर्म्स प्रयोग गरेको पाइएन। लागत अनुमान तयार गर्दा कानूनको पालना गर्नुपर्दछ।

६५ **बत्ति मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले लेख बराई देखि औल बराई सम्मको बत्ति मर्मत वडा नं.६ आर्थिक वर्ष २०७९।८० को कार्य सम्पन्न गरी यस वर्ष रु.४५००००। भुक्तानी दिएको छ । नापी किताव तथा प्राविधिक विल अनुसार उक्त निर्माण कार्यको रु.२९०७०७।० भुक्तानी गर्नुपर्नेमा रु. ४५००००। भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.१५९२९३। सम्बन्धित उपभोक्ता समितका पदाधिकारीहरुबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,५९,२९३

६६ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खेच २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी २ प्रतिशत कन्टिजेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु.११,१५,७८०। भ्रमण खर्च तथा यातायात, खाजा तथा विविधरु.५,९६,४३१।,

पुँजीगत रु.५,२५,९४०।, कार्यालय सामान रु.३,९७,५८८ र घर भाडा रु.७२,१७५। गरी रु.२७,०७,९१४। कन्टीन्जेन्सी खर्च गरेको छ।

६७ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
२१-२०८२/३/२४	मुन्डी देखी नागडा सडक स्तरोन्नती उ.स	मुन्डी देखी नागडा सडक स्तरोन्नती	१२६००००	डोजर	१३१५३२०

६८ **बढी भुक्तानी** (४२-2082-02-02):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 97(६) मा उपभोक्ता समितिले कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले काठे पुल निर्माण गरी रिपगाड काठेपुल निर्माण आयोजना उपभोक्ता समितिलाई नापी कितावको सि.न. ४ को salla wooden beam for horizontal support २८.४३ घन मिटर कार्यको रु. २,८७,०००।० भुक्तानी गर्दा उक्त कार्यको बास्तविक जोड जम्मा गर्दा ४.८४ घन मिटर मात्र भएकोले पालिकाले २३.५९ घन मिटरको बढी भुक्तानी गरेकोले प्रति घन मिटर रु.५२९६.५ का दरले उपभोक्ताको अंश १६.९२ प्रतिशत कट्टा गरी रु.१,०३,८११।० बढी भुक्तानी गरेको छ। उक्त बढी भुक्तानी गरेको रकम उपभोक्ता समितिको जिमेवेवार पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,०३,८११

६९ **निर्माण व्यवसायी मार्फत उपभोक्ता समितीको कामः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
२२-२०८२।२।९	खच्चा देखी जैर सम्म सडक मर्मत उपभोक्ता समिति	अल्फा विल्डर्स एण्ड डेभलपर्स प्रा.लि मेसिन प्रयोग	१४३३०००
३४-०८२/३/२५	थुम्चा देखि सगेती हुँदै दुधेदह सम्म सडक स्तरोन्नती	अर्जुन कन्ष्ट्रक्सन प्रा.लि	११३९७०९
	जम्मा		

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

७० **चेनेज नखुलेको** (४५-2082-02-29):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 97(६) मा उपभोक्ता समितिले कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले डाँडा साँया गैरी साँया बाटो निर्माण उपभोक्ता समितिलाई सडक निर्माण कार्यको चेनेज नखुलाई नापी कितावमा चढाएको आधारमा रु.२८,७०,०००।० भुक्तानी गरेको छ । चेनेज नखुलाई नापी गर्दा बास्तविक काम भएको स्थान सुनिश्चित नहुने हुँदा चेनेज खुलाई नापी गरेको आधारमा भुक्तानी गर्नु पर्दछ ।

७१ **उपभोक्ता समितिबाट कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट कार्य गराउन वा सेवा लिन सक्ने उल्लेख छ। पालिकाले देहाय बमोजिमको वडा कार्यालय तथा स्वास्थ्य चौकीको भवन र पर्खाल तथा शौचालय निर्माण गरी उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो। पालिका भवन तथा पर्खाल निर्माणका लागि उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी भएको रकम नियमसम्मत देखिएन । प्राविधिक पक्षसँग सम्वन्धित भइ बेरोजगारी न्यून हुने गरी कार्यक्रम संचालन गरिनु पर्दछ।

गो.भौ.नं.	विवरण	भुक्तानी रकम
४८-२।३०	वडा नं.६ कार्यालयको शौचालय निर्माण	३२६०००
७०-३।१२	वडा कार्यालय घेराबार तथा शौचालय निर्माण वडा नं. २	८७३०००
७७-३।१४	वडा कार्यालय मर्मत तथा व्यवस्थापन वडा नं. ३	७५२०००
८७-३।१७	स्वास्थ्य भवन मर्मत वडा नं. ६	४०२०००
१३१-३।२४	वडा नं.४, कार्यालय भवन निर्माण	१०३३०००

७२ **कार्कीबाडा मष्ठा मन्दिर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु नहुने व्यवस्था छ। विनियोजन ऐन, 2081को अनुसुचिमा मन्दिर निर्माणको लागी रु. ५ लाख बजेट व्यवस्था छ। पालिकाले कार्कीबाडा मष्ठा मन्दिरको लागि रु.५ लाख विनियोजन गरेकोमा लागत अनुमान रु.११,११,११७।०० तयार गरी रु. ११,०३२६५।० को कार्य गराई रु.४६००००।० भुक्तानी दिएको छ। बाँकी उपभोक्ता समितिको जनश्रमदान कट्टा गरी पालिकाले रु.४,९३,२२२।० दायित्व सिर्जना गरेको पाइयो। विनियोजन ऐन विपरित बढी रकमको कार्य गराई दायित्व सृजना गरेकोमा पालिकाले सुधार गर्नुपर्दछ।

७३ **रितपूर्बकको कर बिजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर बिजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। रित पूर्कको कर बिजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मूल्य अभिवृद्धि कर रु.१२७६०९।० समेत रु.१०७०६१२ भूक्तानी गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेशगर्नुपर्ने रु

गोभौनं./मिति	**भुक्तानी पाउनेको नाम**	**प्यान नं.**	**कर विजकको अवस्था**	**भुक्तानी रकम**	**मुअकर कर रकम**
१९-०८१/१/२३	जय महारानी कन्ष्ट्रक्सन (घुमचुमी आ वि को भवन निर्माण)	६१०४४४७६६	विजन नं.१ हातले लेखेको	१०७०६१२	१२७६०९
	जम्म				१२७६०९

प्रमाण पेश नगरेको	१,२७,६०९

७४ **सहलगानी**

नविकरणीय उर्जा अनुदान नीति, २०७८ को अनुसूची १ को ११.१.१. अनुसार राष्ट्रिय प्रसारण लाईनको पहुँच भन्दा बाहिरको क्षेत्रमा वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको सहयोगमा स्थानीय तहका सबै सामुदायिक संस्थाले १० किलोवाट क्षमता भन्दा माथि १००० किलोवाट क्षमता सम्मका लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन तथा वितरण गरेमा केन्द्रले आयोजनाको कुल लागतको ९० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने तथा बाँकी १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहले ब्यवस्था गर्नुपर्न उल्लेख छ । पालिकाले छयांगी खोला लघु जलविद्युत आयोजना २० किलोवाट निर्माण, सञ्चालन र मर्मतसंभारको लागि रु.२,३७,३५,५३०।० को लागत अनुमान भएको आयोजनाको साझेदारी पत्रमा मिति २०८१।१।१६ मा संझौता गरी गाउँपालिकाे अंश १० प्रतिशत रु.२३,७३,५५३।० केन्द्रको खातामा पठाएको छ । आयोजनाको ठेक्का वन्दोबस्त गरी कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२३,७३,५५३

७५ **बीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा बीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ। यसरी बीमा नगराई नियमावलीले गरेको व्यवस्था विपरित खरिद सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई बीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

ठेक्का नं/योजनाको नाम	**निर्माण व्यवसायी**	**सम्झौता रकम**	**विओक्यू मा वीमा रकम**	**कैफियत**
हिम ज्योति नमुना मा.वि	एस.के. निर्माण सेवा	२०८१।८।२६	५००००	वीमा नगरेको
औल बराई स्वास्थ्य इकाई भवन निर्माण वडा नं.६	जि एण्ड आर कन्ष्ट्रक्सन	२०८१।१०।२४	४००००	वीमा नगरेको

७६ **पन्ध्र शैया अस्पताल**

कबोल अंक रु.९,९५,१४,६४३.२४(मु.अ.कर समेत) भएको पन्ध्र शैयाको अस्पताल मिति २०८०।३।३१ मा सम्पन्न गर्ने गरि सि.एम्.कन्ष्ट्रक्सन सँग मिति २०७८।४।७ मा संझौता भएको थियो। निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगरेका कारण मिति २०८३।३।३१ सम्म २ पटक अवधि थप गरेको पाइयो। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न रहेका छन्;

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (४) मा बैक जमानतको मान्य अविध खरिद सम्झौतामा उल्लेख गरिएको पेश्की फर्छ्यौट गर्ने अवधि भन्दा कम्तिमा एक महिना बढिको हुनु पर्ने उल्लेख छ।निर्माण व्यवसायिले नविल बैक लि. रु.२,७४,१५,०००। मिति २०८२।३।३१ सम्मको रहेको पाइएकाले अवधि थप गरेको प्रमाण पेश गर्नु पर्दछ।
- योजनामा विमाको व्यवस्था गरेता पनि बिमा गराएको नपाइएकाले योजना संचालनमा आइ पर्ने जोखिम रहने देखिदा विमा गराउनु पर्दछ।

७७ **कार्य सम्पादनमा आधारित प्रोत्साहन** (२७४-2082-03-24):

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को बुँदा नं.९.५ (ख) र (ग) मा गरेको व्यवस्था अनुसार भौ. नं. २७४/ २०८२।०३।२४ बाट विद्यालयको गुरुयोजना अनुसार खर्चका क्षेत्र सहित स्थानीयतहमा चालु आर्थिक वर्षमा विनियोजित रकम खर्च गर्न कार्ययोजना सहित स्थानीय तहमा माग गर्ने, कार्य योजनाको रुजु गरी कार्य प्रगतिका आधारमा अनुदान उपलब्ध गराउने स्थानीयतहले विद्यालयको संझौता अनुरुप नियमित अनुगमन गर्ने व्यवस्था भएता पनि सो वेगर विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान हिमज्योती मा.वि लाई रु.९,९९,०००।० भुक्तानी भएकाले कार्यविधिको पालना गर्नु पर्ने रु.

अनियमित भएको	९,९९,०००

७८ **घुमचुमी आ.वि भवन निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ख) मा सम्झौताको कार्यतालिका र कार्ययोजना तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। लागत अनुमान रु.५३,५१,५३३।० (मु.अ.कर समेत) भएको निर्माण कार्य रु.२७,५८,३५९।० (मु.अ.कर समेत) मिति २०८१।३।११ मा सम्पन्न गर्ने गरि मिति २०८१।१०।२४ मा जय महारानी कन्ष्ट्रक्सनसँग संझौता भएको थियो। निर्माण कार्यको लागत अनुमानमा विमाको लागि रु.४०,०००।० र गुणस्तर परिक्षणको लागि रु.१०,०००।० को व्यवस्था गरेकोमा सो गराएको पाइएन । उक्त भवन निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई पालिकाले यस वर्ष रु.२२,१६,४२२।० भुक्तानी गरी ८०.३६ प्रतिशत भवन निर्माण प्रगति भएकोमा १९.६४ प्रतिशित काम बाँकी देखिएको छ। कार्यस्वीकार नबनाएको साथै कामको अवधि थप गरेको नपाइएकाले निर्माण कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ।

७९ **उपभोक्ता समितीको कार्य** (२१-2082-03-24):

1. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१क) मा लागत अनुमान तयार गर्दा मुल्य अधिवृद्धिकर, ओभरहेड रकम र श्रमदानको अश समावेश गर्नु पर्ने व्यवस्था छ। लागत अनुमान रु.३४५४८३०.७१ भएको मुन्डी देखी नागडा सडक स्तरोन्नती मुन्डी देखी नागडा सडक स्तरोन्नती कार्य उपभोक्ता समिति मार्फत गराई भौचर २१-०८२।३।२४ बाट रु.१२६००००। भुक्तानी भएको छ। उपभोक्ता समितिले रु.१३१४९८६। को काम गरेकोमा न्यूनतम १० प्रतिशत श्रमदान घटाइ रु.११८३४८७। भुक्तानी गर्नु पर्नेमा रु.१२६००००। भुक्तानी गरेकाले बढी भुक्तानी रु.७६५१२। सम्वन्धित उपभोक्ता समितिसँग असुल गरि बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	७६,५१२

८० **मुख्यमन्त्री रोजगार कार्यक्रम**

८०.१ मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविध, २०७८ बमोजिम कर्णाली प्रदेश बेरोजगार तथा कोभिड-१९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्न तथा आय आर्जन कृयाकलाप संचालन गर्न सामुदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्‍याउने उद्बेश्यले स्थानीयतह भित्र मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ३४६ जनालाई औसत २० दिनले ६९२५ दिन रोजगारी उपलव्ध गराई रु.84,00,984।० श्रमिक ज्याला खर्च र सामान खरिदमा रु.६१,६४,२४८।0 गरी रु. १,४५,६५,२३३।0 खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सुनिश्चित गर्नुपर्दछ ।

८०.२ मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ अनुसार कार्यक्रम संचालन गरिएका निम्न योजनाहरुको पि.सि.सि १:३:६ को पालिकाको दर विश्लेषण अनुसार वास्तविक दर भन्दा बढी दर राखी भुक्तानी हुँदा बढी भुक्तानी हुन गएको रु.२७३८९२ प्रदेश बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

भौ मिति	योजनाकोनाम	गरेको काम परिमाण	भु. हुनु पर्ने दर	भु. भएको दर	फरक दर	बढी भुक्तानी
३४-०८२/३/१९	औल बराई प्रशुति भवन निर्माण	४.७१	२९४३२.८७	३५१८७.८७	५७५४	२७१०१
३७-०८२/३/१९	सायाँ स्वास्थ्य चौकि घेराबारा निर्माण	१४.८४	२३२५९.७५	२८९२५.११	५६६५.३६	८४०७४
३६-०८२/३/१९	स्वास्थ्य चौकि भवन निर्माण जैर	६.९९	२५४२४.४८	३०९६०.४८	५५४६	३८७६६
३८-०८२/३/१९	देवकोटा आ.वि २ कोठे भवन निर्माण	४.९४	२४७२१.०२	३०४७५.०२	५७५४	२८४२५
३९-०८२/३/१९	घुमचुमि आ.वि भवन निर्माण	६.४०	२७०७५.०७	३२८२९.०७	५७५३.९९	३६८२६
४४-०८२/३/२१	फूचा सामुदायिक भवन निर्माण वडा नं.८	४.८३	२६८६४.६७	३२६१८.६७	५७५४	२७९६४
४३-०८२/३/२१	रिप स्वास्थ्य चौकी भवन निर्माण	५.४४	२५८२८.८७	३१४७८.८७	५६५०	३०७३६
	जम्मा					२७३८९२

असुल गर्नुपर्ने	२,७३,८९२

८१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

८१.१ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ८२ जनालाई औसत ७१ दिनले ५८३२ दिन रोजगारी उपलव्ध गराई रु.३८,९५,७७६।0 श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

८१.२ लागत अनुमान रु.९,९९,०५४.२६ भएको कूल डाँडा प्रतिक्षालय निर्माण कार्य प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु.६,६८,०००।0 र गाउँपालिकाको रु.३,००,०००।0 श्रमदान रु.३०,०००।0 हुने गरी उपभोक्ता समितिसँग संझौता भएकोमा उपभोक्ता समितिले रु.९,६२,८९४।४७ को काम भएको पाइयो। उपभोक्ता समितिको श्रमिकको पारिश्रमिक भौचर २३२-०८२।३।१८ बाट रु.६,६२,२८२।० भौ.९२-०८२।३।१८ बाट रु.२,८७,०००।0 गरी जम्मा रु.९,४९,२८२।० भुक्तानी भएको छ। उपभोक्ता समितिले रु.९,६२,८९४।0 को काम भएको रु.९,३८,०००।0 भुक्तानी हुनु पर्नेमा बढी भुक्तानी भएको रु.११,२८२।0 सम्बन्धित् उपभोक्ता समितीबाट असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

असुल गर्नुपर्ने	११,२८२

८२ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष पालिकाले रु.६५६९२९७६।० लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरणको गरेको छ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सर्केगाड गाउँपालिका, हुम्ला , सर्केगाड गाउँपालिका , हुम्ला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	उब्जन रोकाया	२०८१-६-१५	२०८१-११-११
कार्यालय प्रमुख	कृष्ण केशर आचार्य	२०८१-११-१५	हाल सम्म कार्यरत
लेखा प्रमुख	भूमिका खनाल	२०८०-१०-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९७४,०२६	११,५७१,०००	४,६३०,५८६	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१७,१७५,६१२
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१७,१७५,६१२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३४७६२९४३.९८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३६३२३७३९१.७	चालु खर्च	३२७१२३३८१.९
प्रदेश सरकारबाट अनुदान	५७८०५२०२	पूँजीगत खर्च	१६८६८६८९९
राजश्व बाँडफाँट	६९४३३९२८.५२	वित्तीय/अन्य व्यवस्था	०.०
आन्तरिक आय	१५१५१६४.०		
अन्य आय	६१९४४५८.८३		
कुल आय	४९८१८६१४५.०५	कुल खर्च	४९५८१०२८०.९
बाँकी मौज्दात		३७१३८८०८.१३	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका िवषय
1	विविध	विविध
2	प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार	रोजगार कार्यक्रम
3	सामाजिक सुरक्षा भत्ता	सामाजिक सुरक्षा भत्ता वितरण
4	आन्तरिक आय	राजस्व तथा आन्तरिक आय
5	पालिका चालुखर्च	विविध खर्च (अतिथि सत्कार लगायत),चालु खर्च (ईन्धन, मर्मत र घरभाडा),अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च,तालिम र कार्यक्रम खर्च ,तलब भत्ता खर्च र पदाधिकारीको सुविधा,सेवा र परामर्श खर्च तथा अन्य करार सेवा शुल्क
6	पालिका पुँजिगत खर्च	कन्टिन्जेन्सी खर्च ,अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य ,खरिद सम्झौता तथा ठेक्का व्यवस्थापन र भुक्तानी,सोझै खरिद तथा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद,परामर्श सेवा
7	संघीय र प्रदेशतर्फको चालु खर्च	तालिम र कार्यक्रम खर्च ,कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम,स्वास्थ्यतर्फ,शिक्षा तर्फ
8	संघीयतर्फको पुँजिगत खर्च	खरिद सम्झौता तथा ठेक्का व्यवस्थापन र भुक्तानी

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३


सर्केगाड गाउँपालिका

म.ले.प.फा.नं.

कार्यालयको कोड : ८०६६४५०६३००

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.सं./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		६,९५,११,८३२.४७	०.००	६,९५,११,८३२.४७	६,४७,१०,८४५.०८	०.००	६,४७,१०,८४५.०८
१३०००	अनुदान		३२,४८,६८,५२१.७२	८३,२८,७५२.००	३३,३१,९७,२८१.७२	३१,०५,०४,४००.६०	१,०३,७४,१८९.००	३२,०८,७८,५८९.६०
१४०००	अन्य राजस्व		१४,२९,२६०.०५	०.००	१४,२९,२६०.०५	१४,१७,९६४.७४	०.००	१४,१७,९६४.७४
१५०००	विविध प्राप्ति		११,७५०.००	०.००	११,७५०.००	०.००	०.००	०.००
क	कुल जम्मा प्राप्ति		३९,५८,२९,३७२.२४	८३,२८,७५२.००	४०,४१,५८,१२४.२४	३७,६६,३३,२१०.४२	१,०३,७४,१८९.००	३८,७०,०७,३९९.४२
२	चालु		२५,१०,६३,६७२.२०	८३,२८,७५१.६७	२५,९३,९२,४२३.८७	२५,०४,४१,११७.८०	८९,७६,९९०.००	२५,९४,१८,१०७.८०
२१०००	पारिश्रमिक / सुविधा		१७,६८,२१,५००.२०	१,००,०००.००	१७,६९,२१,५००.२०	१२,०१,५२,१८३.८०	०.००	१२,०१,५२,१८३.८०
२२०००	मालसामान तथा सेवाको उपयोग		४,५९,९४,९३३.००	८०,२८,७५१.६७	५,४०,२३,६८४.६७	११,६९,६२,१९६.००	८९,७६,९९०.००	१२,५९,३९,१८६.००
२५०००	सहायता (Subsidy)		१,४७,१२,७७८.००	०.००	१,४७,१२,७७८.००	७९,४०,३१०.००	०.००	७९,४०,३१०.००
२६०००	अनुदान		७६,७७,१२६.००	२,००,०००.००	७८,७७,१२६.००	०.००	०.००	०.००
२७०००	सामाजिक सुरक्षा		४७,२८,९३५.००	०.००	४७,२८,९३५.००	४४,११,६२८.००	०.००	४४,११,६२८.००
२८०००	अन्य खर्च		११,२८,४००.००	०.००	११,२८,४००.००	९,७४,८००.००	०.००	९,७४,८००.००
४	पूंजीगत		१४,८५,७२,५४५.००	०.००	१४,८५,७२,५४५.००	११,७४,२५,१६८.००	१३,९७,१९९.००	११,८८,२२,३६७.००
३१११०	भवन तथा संरचना		७,६८,२५,३६०.००	०.००	७,६८,२५,३६०.००	३,७७,९०,७९७.००	१३,९७,१९९.००	३,९१,८७,९९६.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,६६,१६,४५०.००	०.००	१,६६,१६,४५०.००	४९,९६,५३२.००	०.००	४९,९६,५३२.००
३११३०	अन्य पूँजीगत खर्च		६,९४,८८०.००	०.००	६,९४,८८०.००	५०,४५,५३७.००	०.००	५०,४५,५३७.००
३११५०	सार्वजनिक निर्माण		५,२१,५२,०३३.००	०.००	५,२१,५२,०३३.००	६,९५,९२,३०२.००	०.००	६,९५,९२,३०२.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		८,९३,५३३.००	०.००	८,९३,५३३.००	०.००	०.००	०.००
३११७०	पूँजीगत सुधार खर्च		१३,९०,२८९.००	०.००	१३,९०,२८९.००	०.००	०.००	०.००
ख)	कुल जम्मा भुक्तानी		३९,९६,३६,२१७.२०	८३,२८,७५१.६७	४०,७९,६४,९६८.८७	३६,७८,६६,२८५.८०	१,०३,७४,१८९.००	३७,८२,४०,४७४.८०
ग)	बचत /कमी (ग = क-ख)		(३८,०६,८४४.९६)	०.३३	(३८,०६,८४४.६३)	८७,६६,९२४.६२		८७,६६,९२४.६२
घ)	धरौटी, आकस्मिक		६१,८२,७०८.८३		६१,८२,७०८.८३	४४,१८,१०९.२७		४४,१८,१०९.२७

	कोष लगायतका अन्य कोषको								

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

	मौज्दातको थप/ घट (+/-)							
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		६९,७८४.००		६९,७८४.००	(६८,०२३.७५)		(६८,०२३.७५)
ङ)	यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		२३,७५,८६३.८७	०.३३	२३,७५,८६४.२०	१,३१,८५,०३३.८९		१,३१,८५,०३३.८९
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		३,४७,६२,९४३.९८		३,४७,६२,९४३.९८	२,२५,०२,९९२.०४		२,२५,०२,९९२.०४
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		३,७१,३८,८०७.८५	०.३३	३,७१,३८,८०८.१८	३,५६,८८,०२५.९३		३,५६,८८,०२५.९३

लेखाप्रमूख	कार्यकारी अधिकृत	महालेखापरीक्षकको कार्यालय
पालिकाबाट प्रमाणिकरण मिति :		

Scanned with CamScanner

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्योंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।